नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

प.स. २०८०।८१
च.नं. ६०
मितिः २०८०।०४।२४

टेकु, काठमाडौं

सरकार स्वास्थ्य बीमा बोर्ड टेकु, काठमाडौं २०७४

**बिषयः काज फिर्ता ।**

स्वास्थ्य बीमा बोर्ड र मातहतका जिल्ला स्थित कार्यालयहरुमा
कार्यरत स्वास्थ्य सेवाका कर्मचारीहरु सबै ।

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.स.०८०।०८१, च.नं. ८५, मिति २०८०।०३।३१ को पत्र यस बोर्डमा मिति २०८०।०४।१८ मा प्राप्त भएकोले पत्रमा उल्लेख भएबमोजिमका कर्मचारीहरू समयोजन भएको तत् तत् तहमा काज फिर्ता भैजानु हुन अनुरोध छ ।

स्वास्थ्य बीमा बोर्ड र मातहतका जिल्लास्थित कार्यालयहरुमा कामकाजमा खटिएका कर्मचारीहरुको कामको प्रकृति, भाद्र चक्रको बीमितको विवरण, बीमा व्यवस्थापन सूचना प्रणाली (IMIS) प्रविष्टि, प्रिमियम संकलनको हिसाब मिलान, दर्ता सहयोगीको प्रोत्साहन रकम निर्धारण र सिफारिस, बैंक दाखिला रकमको CAS (CENTRAL ACCOUNTING SYSTEM) मा प्रविष्टि, लगायतका कार्य समयमै सम्पन्न गरि देहाय बमोजिम गर्नु गराउनु हुन स्वास्थ्य बीमा बोर्ड (कार्यकारी निर्देशकस्तर) को मिति २०८०।०४।२४ को निर्णयानुसार अनुरोध छ ।

१. विवरण समयमै प्राविष्ट हुन नसके सोबाट बीमितलाई पर्न सक्ने सेवाको असर र सोको परिणाम, सेवा प्राप्त गर्ने समय, स्वास्थ्य बीमा ऐनले निर्धारण गरेको साईकल (चक्र) र अन्य विविध बिषय समेतलाई मध्यनजर गरी जिल्ला दर्ता अधिकारीको हैसियतमा कार्यरत कर्मचारीहरुको हकमा भाद्र साईकलको विवरण प्रविष्ट गरी सक्नु पर्ने समयावधी २०८० श्रावण मसान्त सम्म तोकिएकोमा कतिपय जिल्लाहरूमा बिजुलीको अनियमितता, इन्टरनेट तथा वाईफाईको उपलब्धता, भौतिक सामाग्रीको पर्याप्तता, दर्ता अधिकारीहरुको उपलब्धता र प्रदेश संयोजक तथा दर्ता अधिकारीहरुसंगको मिति २०८०।०४।२२ गतेको कुराकानीका आधारमा विवरण प्रविष्ट २०८०।०५।०७ गते भित्र सम्पन्न गरि सक्नुपर्ने, IMIS र CAS मा हिसाब मिलान २०८०।०५।१० गते भित्र सम्पन्न गरिसक्नु पर्ने र सबै विवरण भिडान भैसके पश्चात दर्ता सहयोगीको कमिसन (INCENTIVE) मिति २०८०।०५।१५ गते भित्र बोर्ड समक्ष पेश गरि सक्नु पर्ने समयावधी तोकिएको छ । उपरोक्त समयावधी भित्र तोकिएको कार्य अनिवार्य सम्पन्न गर्नु भई बरबुझारथ गरी रमाना लिनुहुन ।
२. स्वास्थ्य सेवाका कर्मचारीमात्र कार्यरत रहेका पाँचथर, सर्लाही, ससरी, दोलखा, लमजुङ्ग, पर्वत, प्युठान, डोल्पा र डोटी लगायतका जिल्लाहरुमा कार्यरत दर्ता अधिकारीहरुले सो स्थानमा वैकल्पिक व्यवस्था नभएसम्म वा अर्को कर्मचारी उपस्थित नभएसम्म यथावत रुपमा कामकाज गरिरहन र अर्को कर्मचारी उपस्थित भए पछी ७ दिनभित्र बरबुझारथ गर्नु भई रमाना लिनुहुन ।
३. स्वास्थ्य बीमा बोर्डमा कार्यरत कर्मचारीहरूको हकमा आफुलाई तोकिएको कार्य (समयावधी तोकीएको कार्य भए सम्पन्न गरि र नतोकिएको भए ७ दिनभित्र) सम्पन्न गरी २०८० श्रावण मसान्तभित्र समायोजन भएको तहमा रमाना बुझी जानहुन ।

२०८०।०४।२४

(सबिन सिंह चौधरी)
शाखा अधिकृत

<u>बोधार्थ</u>
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
रामशाहपथ, काठमाण्डौ ।



Scanned with CamScanner